नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३१ अंक ५८ २०७८ साल असोज ७ गते बिहीबार (23 Sep. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं**

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस. एम. एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलाक्षेत्रका लोकनाच ...२ पृष्ठमा : अफगानिस्तानमा विस्तारित ... ३ पृष्ठमा : गजेन्द्र नारायण सिंह ...

# प्रदेश २ को मुख्य समस्या लागुऔषध र बालप्रेम विवाह : संचारमन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत प्रसाद साहले प्रदेशमा लागु औषध नियन्त्रण तथा त्यसको व्यवस्थापन गर्न सुधार केन्द्रको आवश्यक रहेकोले त्यसतर्फ आफूहरु गम्भिर रहेको बताएका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिकास्थित भेडीयामा नव निर्मित इलाका प्रहरी कार्यालय भवनको बुधबार उदघाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले प्रदेश २ मा मुख्य रुपमा देखिएको लागु औषध दुर्व्यसन र बालबालिकाको प्रेम विवाहले निकै समस्या पर्ने गरेको जिकिर गरे ।

सो कार्यक्रममा आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रुबी कुमारी कर्णले अपराध न्यूनीकरणका लागि अपराधीलाई प्रश्रय र निर्दोषलाई फसाउने काम बन्द गर्नुपर्नेमा जोड दिइन् । उनले सामाजमा अहिले बढीरहेको लागूपदार्थ सेवन त्यसबाट हुने दुर्घटनाको न्यूनीकरण गर्न सबै मिलेर अघि बढनुपर्ने सुझाव पनि दिइन् ।

कार्यक्रममा प्रदेश सभा सदस्यद्वय दिलिप कुमार साह, गोविन्द बहादुर न्यौपाने, प्रमुख जिल्लाअधिकारी जनार्दन गौतम, प्रदेश प्रहरी कार्यालयका निमित प्रमुख मसुद आलम खाँ, सुरुङ्गा नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरी, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्रप्रसाद धमला, २ नम्बर प्रदेश कार्यालय टिएसटी प्रमुख प्रहरी निरीक्षक चिरञ्जिवी प्रसाद महतोलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय जनकपुरधामद्वारा कूल ५ करोड १३ लाख ६७ हजारमा लागतमा तीन तल्ले कार्यालय, ब्यारेक, मेस, शौचालयसहितको निर्माण गरिएको हो ।

सो अवसरमा निर्माण कार्य गरेका ठेकेदार कम्पनी तुलसी भक्त कन्स्ट्रक्सनका प्रतिनिधि तथा निर्माण कार्यमा संलग्नहरुलाई सम्मान गरिएको थियो ।

# सर्पदंशले दिदीभाईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

सुतेको अवस्थामा सर्पले टोक्दा सप्तरीमा दिदीभाईको ज्यान गएको छ ।

जिल्लाको खडक नगरपालिका २ सिस्वाबेल्ही टोल निवासी राजेश मण्डलका १४ बर्षीया छोरी सुनिता र ९ बर्षीय छोरा कृष्णको सर्पदंशले ज्यान गएको प्रहरीले जनाएको छ ।

घटना विवरण अनुसार सोमबार राति सुतेको अवस्थामा मंगलबार बिहान ओछ्यानमै दिदीभाईको मुखबाट फिज आएको तथा अचेत अवस्थामा देखेपछि आफन्तले तत्कालै लहानस्थित रामकुमार उमा प्रसाद स्मारक अस्पताल पुर्‍याएका थिए ।

सोही अस्पतालमा उपचारकै क्रममा सुनिताको मृत्यु भएको थियो भने कृष्णलाई उक्त अस्पतालबाट थप उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल पुर्‍याएको थियो । उनको पनि उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।

# पोखरीमा डुबेर पुनः एक बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

सप्तरीमा नदी, खोला, नाला, पोखरी, नहर लगायतका जलाशयहरुमा डुबेर मृत्यु हुनेको संख्या बढ्दै गएको छ ।

मंगलबार मात्र दुई बालिका र एक महिलाको पोखरीमा डुबेर मृत्यु भएको भोली पल्ट बुधबार पुन: एक बालिकाको पोखरीमा डुबेर मृत्यु भएको छ ।

पछिल्लो पटक डुबेर मृत्यु हुनेमा जिल्लाको महदेवा गाउँपालिका २ अकबरपुर निवासी रामचरित्र मंडकको ५ वर्षिया छोरी सिवानी मण्डल छन् ।

उनको घर नजिकै रहेको थान पोखरीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जितिया पर्वमा विदाको माग




**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**


नेपाल पत्रकार महासंघ सप्तरी शाखामा आवद्ध महिला संचारकर्मीहरुले बुधबार जितिया पर्व समारोह २०७८ को आयोजना गरि मनाएका छन् ।

पत्रकार महासंघ सप्तरीकी महिला उपाधयक्ष समेत रहेकी अम्बिका दहाल, केन्द्रिय सदस्य ललिता साहका साथै महिला संचारकर्मी सुधा देव, रश्मी झा, प्रियासिंह थारु लगायतको अगुवाईमा गरिएको समारोहमा जनप्रतिनिधि, समाजसेवी तथा विभिन्न संघसंस्थाका प्रतिनिधि समेत सहभागि भए ।

कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष श्रवण देव, पूर्वअध्यक्ष विष्णु मण्डल, धिरेन्द्र साह, बोदेबरसाइन नगरपालिकाकी उपप्रमुख मन्जु साह, महिला नेतृ पुनम यादव, सुनिता साहलगायतले जितिया पर्व परम्परागत र सामाजिक विविध गतिविधीका साथ मनाउनु पर्नेमा जोड दिँदै शुभकामना दिएका थिए । कार्यक्रमका अधिकांश सहभागि वक्ताले जितिया पर्वको महत्वलाई आत्मसाथ गर्दै सरकारले उक्त पर्वका अवसरमा सार्वजनिक विदा दिनुपर्ने माग समेत गरेका थिए ।

पुत्रको सुख, शान्ति र दिर्घायुका लागि महिलाले उपवास

***बाँकी अन्तिम पृष्ठमा***




नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सूचना सहज गरौं

सूचना पाउने हक आम जनताको पहिलो अधिकार हो । सम्बन्धित निकायले कुनै पनि सूचना लुकाउनु जनतालाई सूचनाको अधिकारबाट बञ्चित गर्नु हो । अहिले सप्तरीमा विभिन्न निकायमा सूचना अधिकृत तोकिदा पनि सूचना पाउनबाट बञ्चित भइन्छ ।

कहिलेकाँही सप्तरीको सूचना अन्य जिल्ला वा काठमाडौंबाट पनि लिनु पर्ने अवस्था आएको छ । यसरी सूचना अधिकृत तोकिएर पनि सूचना लुकाउने वा अन्य बहाना बनाएर लामो समयसम्म सूचना दिनबाट बञ्चित गर्ने कार्यलाई तुरुन्त रोक्नु पर्छ ।

तसर्थ सप्तरीको सूचना सप्तरीकै सम्बन्धीत निकायबाट प्राप्त हुने व्यवस्थालाई चुस्त, दुरुस्त तथा व्यवस्थित गर्नुका साथै सहज रुपमा सूचना पाउने आमनागरिक समेतको अधिकारलाई बञ्चित गर्ने प्रबृतिप्रति सम्बन्धीत निकायको ध्यान पुगोस् ।

# मिथिलाक्षेत्रका लोकनाच लोप हुन थालेपछि कलाकार पलायन हुँदै

**राजु विश्वकर्मा**
लहान, ६ असोज (रासस) ।

कुनै बेला मिथिला क्षेत्रमा अत्यन्तै लोकप्रिय बनेको प्रसिद्ध ऐतिहासिक तथा साँस्कृतिक लोकनाच यतिबेला लोप हुन थालेको छ ।

लोकनाच लोप हुन थालेसँगै कलाकार रोजगारीको खोजीमा पलायन हुन थालेका छन् । मोबाइल फोन र सिडी चक्काको बढ्दो प्रयोग तथा उचित संरक्षणको अभावमा सातौँ र आठौं शताब्दीदेखि मिथिला क्षेत्रमा प्रचलनमा रहेको मिथिला क्षेत्रका ऐतिहासिक, प्राचीन लोकनाच राजा सलहेस, शीतवसन्त, रुनाझुना, जङ्गली बादशाह, गोपीचन्द, कुँवर वृजभान, सुन्दर वनको सुन्दर फुल, अल्लाह रुदल, गुगलीघाट, सामाचकेवा, कमलामैया जस्ता नाच कालान्तरमा आएर लोप हुन थालेका हुन् ।

यस्तै जय विषहरा, दुलहा दयालासिंह, विदेशिया, दिनाभद्री, लोरिक, राजानल, राजा हरिश्चन्द्र, सती विहुँला, कारिक, महराई शोरवा महाराज, महराई, कारिक महाराज, आल्ला रुदल, झगडु मल जस्ता ऐतिहासिक लोकनाच पनि लोप हुन लागेका छन् । बढ्दो टिभी, सिडी र मोबाइलको प्रयोगसँगै ऐतिहासिक तथा प्राचीन लोकगाथाको नाच लोप हुन थालेको सुनाउँदै दशवर्षको उमेरदेखि नाँच गर्दै आएका सिरहा भगवानपुर गाउँपालिकाका ४० वर्षीय पनिराम साफीले भन्नुभयो, "नाच कम्पनी बन्द हुन थालेपछि आफूहरू बेरोजगार भएका छौं ।"

उहाँले पहिला पहिला प्रतिष्ठाको लागि भए पनि ठूलो रकम खर्चेर ग्रामीण क्षेत्रमा लोकनाँच गराउँदथ्यो, अहिले त्यो विचार हराउँदै गएकाले नाच कम्पनी बन्द हुन लागेको बताउँदै नाचबाटै कमाएर २० जना कलाकारको सहभागितामा नाच मण्डली खोले, तर दुर्भाग्य भन्नुपर्‍यो कम्पनी नै चल्न नसकेपछि बन्द गर्नुपरहेको गुनासो गर्नुभयो ।

"केही वर्षअघिसम्म नाच कम्पनीबाटै वार्षिक पाँच/सात लाख भन्दा बढी आम्दानी हुन्थ्यो", अर्का कलाकार फनिरामले भन्नुभयो, "कुनै बेला मिथिला क्षेत्रमा लोकनाच प्रसिद्ध थियो, तर अहिले अब यी मौलिक नाच लोप हुँदै गएको छ ।" नाच कम्पनी बन्द हुन थालेपछि त्यसमा संलग्न कलाकार रोजगारीका लागि मलेसिया, साउदी, कतारलगायतका खाडीमुलुक तथा छिमेकी देश भारततर्फ पलायन हुन थालेको उहाँको भनाइ छ ।

नाच कम्पनी बन्द भएपछि परिवार पाल्न पनि समस्या भएकाले आफूसँगै नाच कम्पनीमा काम गर्दै आएका साथी रोजगारीका लागि भारतको पञ्जाव र लुदियाना गइसकेको र आफू पनि भारततिरै जाने सोच बनाएको सिरहाको पोखरभिण्डाका श्रवण सदाले बताउनुभयो । "सिडी चक्का र मोबाइलको बढ्दो प्रयोगका कारण ऐतिहासिक लोकनाचका कम्पनी विस्थापित हुन थालेको छ", कुनै बेला नाच कम्पनीको जिम्मेवारी बहन गरिसकेका सिरहा सखुवानन्कारकट्टी गाउँपालिका- १ का लोचन रामले भन्नुभयो, "कुनै बेला अत्यन्तै लोकप्रिय रहेको ऐतिहासिक नाच अहिले लोप हुन थालेका छन्, जसका कारण सिरहा जिल्लामा रहेका एक सयभन्दा बढी नाच कम्पनी बन्द भइसकेको छ ।"

विगतमा ठूलो नाम कमाएका नाच कम्पनी बन्द भएपछि त्यसमा संलग्न करिब पाँच हजारभन्दा बढी

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# अफगानिस्तानमा विस्तारित मन्त्रिपरिषद् पनि महिलारहित

काबुल, ६ असोज (रासस/एएनआई) ।

अफगानिस्तानमा काम चलाउ मन्त्रिपरिषद् पनि महिलाबिहीन भएको छ । अघिल्लो महिना सत्ता कब्जा गरेर केही हप्ता अगाडि काम चलाउ सरकार बनाएको तालिबानले मङ्गलबार मन्त्रिपरिषद् विस्तार गर्दा पनि महिलालाई सहभागी गराएको छैन् ।

इस्लामिक इमरेट्समा महिलालाई मन्त्री बनाउन नमिल्ने मान्यता अनुरुप महिलालाई मन्त्रिपरिषद्मा सहभागी नबनाएको बताइएको छ ।

सूचना तथा सञ्चार राज्यमन्त्री जाबिहुल्लाह मुजाहिद्धिनले भने पछाडि पारिएको वर्ग तथा समूदायको सहभागीतालाई ध्यान दिएर मन्त्रिपरिषद् विस्तार गरिएको दाबी गर्नुभयो ।

विस्तारित मन्त्रिपरिषद्मा हाजी नुरुद्धिन अजिजि कार्यबाहक अर्थमन्त्री, हजि मोहम्मद बशिर अर्थ उपमन्त्री, क्वालान्डर एबाड कार्यबहाक जनस्वास्थ्य मन्त्री, अब्दुल्बारी ओमर जनस्वास्थ्य उपमन्त्रीलगायत रहनु भएको छ ।

सार्वजनिक भएको मन्त्रीको सूचीमा एक जना पनि महिलाको नाम छैन । मन्त्रिपरिषद्मा अहिले ३३ जना रहेका छन् । मन्त्रिपरिषद्मा महिला सहभागीताको बारेमा सोधिएको प्रश्नमा मन्त्री मुजाहिद्धिनले महिलाको विषयमा अहिलेको मन्त्रिपरिषद्ले नै उच्च प्राथमिकताका साथ काम गर्ने दाबी गर्नुभयो ।

महिलाका सबै माग र बालिकाको शिक्षाका बारेसमेतमा अहिलेको काम चलाउन सरकारले नै काम गर्ने उहाँको भनाइ थियो ।

"हामीले नै महिलाका माग र उनीहरुको शिक्षाका बारेमा पर्याप्त काम गर्नेछौं," पत्रकारसँग उहाँले भन्नुभयो ।

अफगानिस्तानमा तालिबानले सत्ता लिएपछि महिला अधिकार कुण्ठीत गरेको भन्दै सर्वत्र आलोचना भइरहेका बेला विस्तारित मन्त्रिपरिषद् पनि महिला विहिन भएको हो ।

महिला र शिक्षा अधिकारलगायत आधारभूत अधिकार तथा स्वतन्त्रता कुण्ठीत भएमा अफगानिस्तानको तालिबान सरकारलाई मान्यता नदिने र सहयोग नगर्ने अन्तरराष्ट्रिय समुदाय र विभिन्न देशले चेतावनी दिँदै आएका छन् ।

मन्त्री मुजाहिद्धिनले भने आफ्नो सरकारलाई अन्तरराष्ट्रिय समुदायले पनि स्विकार गर्दै सहयोग र सहकार्य आदानप्रदान हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले देशभित्रको आन्तरिक आवश्यकता पूरा गर्न आन्तरिक अर्थतन्त्रले थेग्न सक्ने दाबी पनि गर्नुभयो ।

# बेलायतमा एकै दिन ३१ हजारभन्दा बढी कोरोना संक्रमित

लन्डन, ६ असोज (रासस/सिन्ह्वा) ।

बेलायतमा पछिल्ला केही हप्तायता कोभिड-१९का सङ्क्रमितको सङ्ख्या झन् बढ्न थालेको बताइएको छ । यहाँ प्राप्त पछिल्लो समाचारअनुसार मङ्गलबार मात्र बेलायतमा ३१ हजारभन्दा बढी सङ्क्रमित भएको बताइएको छ ।

बेलायतका स्वास्थ्यसम्बन्धी अधिकारीले गएको २४ घन्टा यतामात्र करिब ३१ हजार ५६४ जना कारोना भाइरसका नयाँ सङ्क्रमित फेला परेका बताएका छ ।

बेलायतमा केही दिनयताको यो सङ्क्रमितको सङ्ख्या धेरै हो । यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले दिएको जानकारीअनुसार केही हप्तायता यहाँ ठूलो सङ्ख्यामा नयाँ सङ्क्रमित थपिने क्रम जारी रहेको छ ।

उनीहरुकाअनुसार यहाँ आजसम्म यहाँका सङ्क्रमितको सङ्ख्या ७४ लाख ९६ हजार ५२० जना पुगेको छ । त्यसैगरी यहाँ यस सङ्क्रमणबाट भएको मृत्युको सङ्ख्या एक लाख ३५ हजारभन्दा बढी पुगेको छ । गएको २४ घन्टामा मात्र यहाँ २०३ जनाको यही सङ्क्रमणबाट ज्यान गएको बताइएको छ ।

लन्डनमा कोभिड-१९को अवस्था समयसमयमा सामान्यजस्तो देखिएपनि पछिल्ला दिनमा फेरि यो बढ्दै जान थालेको बताइएको छ ।

केही समयअघि यहाँ भाइरसका सङ्क्रमित घटेपछि जनजीवनलाई पनि सामान्य बनाइएको भएपनि पछिल्लो हप्तामा महामारीको सङ्क्रमण फेरि बढ्न सक्ने खतरा देखिएको बताइएको छ । यहाँ केही समययतादेखि हरेक दिन ३० हजारभन्दा पनि बढी सङ्क्रमित थपिने गरेका छन् ।

# भारतमा सक्रिय संक्रमितको संख्या ६ महिना पछिकै कम

नयाँ दिल्ली, ६ असोज (रासस/एएनआई) ।

भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या छ महिना पछिकै सबैभन्दा कम भएको छ ।

सरकारी अधिकारीले बुधबार बिहान दिएको जानकारीअनुसार अहिले भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख एक हजार ९८९ पुगेको छ । यो सङ्ख्या १८६ दिनपछि कै सबैभन्दा काम भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या पछिल्लो समयलगातार घट्दै गएको छ । दैनिक नयाँ सङ्क्रमितभन्दा दैनिक सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढी हुँदै गएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो ।

पछिल्लो २४ घण्टामा भारतमा २६ हजार ९६४ जना नयाँ सङ्क्रमित थपिएको मन्त्रालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

सोही अवधिमा ३४ हजार १६७ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको देखिएको अधिकारीले जनाएका छन् ।

योसँगै भारतमा अहिलेसम्म कुल तीन करोड २७ लाख ८३ हजार ७४१ जना सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा कोरोनाका कारण अहिलेसम्म चार लाख ४५ हजार ७६८ जनाको मृत्यु भएको छ । तीमध्ये ३८३ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको जनाइएको छ ।

# सोह्र श्राद्धको अपराह्नकाल : कुन तिथि कतिखेर गर्ने ?

काठमाडौँ, ६ असोज (रासस) ।

दिवङ्गत पितृका नाममा प्रत्येक वर्ष आश्विन कृष्ण पक्षमा गरिने सोह्र श्राद्धका लागि आवश्यक पर्ने अपराह्नकालको समय निर्धारण गरिएको छ । धर्मशास्त्रका विभिन्न ग्रन्थमा सोह्र श्राद्ध अपराह्नकालमा गर्नु भन्ने वचनअनुसार पञ्चाङ्गकार एवं तोयनाथ पन्तको पात्रोका सम्पादक सूर्यनाथ पन्तले सोह्र श्राद्धका सबै तिथिको समय निकाल्नुभएको हो ।

पितृ पक्षसमेत भनिने सोह्र श्राद्ध यस वर्ष असोज ५ गते मङ्गलबारदेखि सुरु भएको छ । सोह्र श्राद्धमा अपराह्नकालमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय मत छ । मङ्गलबार प्रतिपदा तिथिको श्राद्ध दिँउसो १:०८ देखि ४:२२ बजेसम्ममा पिण्डदान गर्ने गरी निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो । यो समयभित्रमै पिण्डदान गर्नुपर्नेछ । तर्पण, दियो पूजा, विश्वेदेवा एवं पितृ ब्राह्मणको आह्वान र पूजा तोकिएको समयअघि नै गर्न सकिने विधि छ । यो समयमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ ।

असोज ६ गते बुधबार द्वितीया तिथि श्राद्ध दिउँसो १:०८ देखि ४:२२ बजेसम्मको समय दिइएको छ । असोज ७ गते तृतीया तिथि श्राद्धको समय १:०७ देखि ४:२३ बजेसम्म छ । यस वर्ष असोज ८ गते शुक्रबार चतुर्थी तिथि श्राद्ध पनि १:०७ देखि ४:२३ बजेकै समयमा गनुपर्छ ।

यसैगरी पञ्चमी तिथि श्राद्ध असोज ९ गते शनिबार दिउँसो १:०६ देखि ४:२२ बजेसम्ममा गर्नुपर्नेछ । षष्ठी तिथि श्राद्ध असोज १० गते आइतबार १:०६ देखि ४:२२ बजेसम्ममा गर्नुपर्नेछ । सप्तमी तिथि श्राद्ध असोज ११ गते सोमबार १:०५ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ । यस वर्ष असोज १२ गते मङ्गलबार कुनै पनि तिथिको श्राद्ध नहुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृति दिएका पञ्चाङ्ग (पात्रो) मा उल्लेख छ ।

अष्टमी तिथि श्राद्ध असोज १३ गते बुधबार दिउँसो १:०४ देखि ४:२३ बजेसम्ममा गर्नुपर्ने शास्त्रीय विधि छ । नवमी तिथि श्राद्ध असोज १४ गते बिहीबार दिउँसो १:०४ देखि ४:२३ बजेसम्मै गर्नुपर्नेछ । दशमी तिथि श्राद्ध असोज १५ गते शुक्रबार १:०३ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ ।

एकादशी श्राद्ध असोज १६ गते शनिबार दिउँसो १:०३ देखि ४:२३ बजेसम्मैमा गर्नुपर्नेछ । द्वादशी तिथि श्राद्ध असोज १७ गते आइतबार १:०२ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ । यस वर्ष द्वादशी तिथिमा मघा परेको छ । मघा नक्षत्र परेका दिन छोरा हुनेले श्राद्ध गर्दैनन् । त्रयोदशी तिथि श्राद्ध असोज १८ गते सोमबार १:०२ देखि ४:२४ बजेसम्ममा गर्नुपर्नेछ ।

यसैगरी चतुर्दशी तिथि श्राद्ध असोज १९ गते मङ्गलबार १:०१ देखि ४:२४ बजेसम्ममा गरिसक्नुपर्ने सम्पादक पन्तले बताउनुभयो । औँसी तिथि श्राद्ध असोज २० गते बुधबार दिउँसो १:०१ देखि ४:२४ बजेसम्ममा गरिसक्नुपर्नेछ । अपराह्नकाल पारेर पिण्डदान नगरेमा श्राद्ध गरेर पाइने फल पाउन नसकिने शास्त्रीय प्रमाण छ ।

विशेषगरी काठमाडौँ उपत्यकालगायत ठूला सहरमा यो समस्या छ । आवतजावत गर्दा कोरोना फैलन सक्ने चिन्ता छ । कारणवश श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन् । सोह्र श्राद्धकर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ । आपत् धर्मअनुसार कुनै कारणवश अङ्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ ।

पितृपक्ष अर्थात् सोह्र श्राद्धमा कोरोनाकै कारण श्राद्ध गर्न नसक्नेले आश्विन शुक्ल पञ्चमीसम्म पनि गर्न शास्त्रसम्मत् हुने उहाँले सुनाउनुभयो । यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिक कृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । कार्तिक कृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ । यो विकल्प अहिले कोरोनाका कारण सिर्जना भएको जस्तै परिस्थितिका लागि दिइएको हो ।

चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्र श्राद्ध गर्ने गरिएको हो । दशैँ, तिहारजस्ता सनातन धर्मावलम्बीले मनाउने ठूला पर्वअघि श्रद्धा, भक्तिका साथ दिवङ्गत पितृलाई सम्झन सोह्र श्राद्ध गर्न थालिएको हो । यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग

## गजेन्द्र नारायण सिंह अस्पताल
## सप्तरी, राजविराज

### प्रथम पटक प्रकाशित मिति २०७८/६/७
### शिलबन्दी **दरभाउपत्र** आह्वान सम्बन्धी सूचना

यस अस्पताललाई आ.व. ०७८/७९ को लागि आवश्यक पर्ने **मसलन्द, सरसफाई, छपाई, ल्याव केमिकल्स, विजुलि वाइरीङ्का** सामानहरू **दरभाउपत्रको** माध्यबाट खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्ने इच्छुक इजाजत प्राप्त योग्यता पुगेका सप्लायर्स एवं विक्रेताहरूबाट निम्न शर्तहरूको अधिनमा रहि रित पूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

शर्तहरू :

१ यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस अस्पतालको स्टोर शाखामा नियमानुसार रू. १०००।- दस्तुर (पछि फिर्ता नहुने गरि) र रू. १०।- को टिकट टाँसी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२ दरभाउपत्र फारम खरिद गर्न लिखित निवेदन साथ आ.व. ०७८/७९ को लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोबार संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व. ०७७/७८ को कर चुक्ता प्रमाण पत्र समेतका प्रमाणित प्रतिलिपि संलग्न गरि प्रोपराईटर स्वयं उपस्थित भई वा आधिकारिक अख्तियारी सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस अस्पतालमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । दरभाउपत्र हुलाक, कुरियर मार्फत तोकिएको स्थानमा निर्धारित समय भित्र दाखिला भएका **दरभाउपत्र** मात्र दर्ता गरिनेछ। म्याद भित्र दर्ता भएका **दरभाउपत्र** सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस अस्पतालमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।

४ दरभाउपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५ दरभाउपत्र फारम पेश गर्दा खामको वाहिर यस अस्पतालको नाम सम्वोधन गरि **दरभाउपत्र** नं.र कामको विवरण तथा नाम स्पष्ट खुलाई शिलबन्दी खाम पेश गर्नु पर्नेछ ।

६ दरभाउपत्र दाताले बोलपत्र जमानत धरौटी वापत नगद जमानत भए को.लि.नि.का सप्तरीको नाममा रा.वा. वैंक स्थित संघ धरौटी खाता २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ को गजेन्द्र ना. सिंह अस्पताल राजविराजको नाममा जम्मा गरि सोको सक्कलै भोचर वा वैंक जमानत भई कम्तिमा १२० दिन म्याद भएको वाणिज्य वैंक (क श्रेणी) बाट यस अस्पतालको नाममा जारी भएको वैंक जमानत (विड वण्ड) दरभाउपत्र साथ संलग्न राख्नु पर्नेछ ।

७ दरभाउपत्रदाताको आफुले कवोल गरेको प्रत्येक आईटमको मु.अ.कर वाहेक दररेटलाई अंक र अक्षर दुवैमा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ । विओक्यू को सवै आईटम नभरिएको बोलपत्रलाई रितपुर्वकको दरभाउपत्र मानिने छैन ।

८ दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा केरमेट गरेको टिपेक्स लगाएको ठाउमा सहीछाप नगरेको, दरभाउपत्र फारमको फोटोकपी गरि पेश गरेको, यस अस्पतालबाट वा यस अस्पतालले तोकिएको कार्यालयबाट विक्री भएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखि पेश गरेको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

९ विल अफ क्वान्टिटिमा उल्लेखित **मसलन्द, सरसफाई, छपाई,ल्याव केमिकल्स,विजुलि वाइरीङका** सामानहरू, परिमाणमा **अस्पतालको आवश्यकता अनुसार** थपघट हुनेछ । र थपघट भएमा दरभाउपत्र दाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । कवोल गरेको दररेट आ.व. ०७८/७९ सम्म मात्र मान्य रहनेछ ।

१० म्याद नाघी र रित नपुगी प्राप्त **दरभाउपत्र** उपर कुनै कार्यवाही हुने छैन ।

११ नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ ।

१२ आपूर्ती गरिने **मसलन्द, सरसफाई, छपाई,ल्याव केमिकल्स,विजुलि** वाइरीङका सामानहरू तोकिएको समय भित्र केही अंश वा सम्पूर्ण आपूर्ती हुन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कार्यवाही हुनेछ

१३ खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्वन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित घोषण पत्र गरेको कागज दरभाउपत्र साथ अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ ।

१४ आपुर्ती कर्ताले सप्लाई गरेको **मसलन्द, सरसफाई, छपाई,ल्याव केमिकल्स,विजुलि** वाइरीङका तथा अन्य सामानहरूको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा आपूर्ती कर्ता स्वयमले परिक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नु पर्नेछ। परिक्षणमा लाग्ने खर्च आपूर्तकर्ता स्वयमले व्यहोर्नु पर्नेछ ।

१५ यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

## तपसिल

| सि.नं. | ठेक्का नं. | विवरण | लागत अनुमान मु.अ.कर बाहेक | दरभाउपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | धरौटी रकम | धरौटी खाता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | सरसफाइका सामानहरु | ६,९७,९९७ | १०००।– | प्रथम पटक प्रकाशित मितिले १५ दिनसम्म | १६ सौ दिन दिनका १२:०० बजे | १६ सौ दिन दिनका २:०० बजे | २०५०० | २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ |
| २ | ४ | छपाईका सामानहरु | ८,७७,५०२ | १०००।– | प्रथम पटक प्रकाशित मितिले १५ दिनसम्म | १६ सौ दिन दिनका १२:०० बजे | १६ सौ दिन दिनका २:०० बजे | २६००० | २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ |
| ३ | ५ | मसलन्दका सामानहरु | ५,२७,२४१ | १०००।– | प्रथम पटक प्रकाशित मितिले १५ दिनसम्म | १६ सौ दिन दिनका १२:०० बजे | १६ सौ दिन दिनका २:०० बजे | १५५०० | २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ |
| ४ | ६ | ल्यावका सामानहरु | १६,२९,२२४ | १०००।– | प्रथम पटक प्रकाशित मितिले १५ दिनसम्म | १६ सौ दिन दिनका १२:०० बजे | १६ सौ दिन दिनका २:०० बजे | ४८५०० | २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ |
| ५ | ७ | विजुलिका सामानहरु | ३,८७,२०१ | १०००।– | प्रथम पटक प्रकाशित मितिले १५ दिनसम्म | १६ सौ दिन दिनका १२:०० बजे | १६ सौ दिन दिनका २:०० बजे | ११५०० | २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ |

डा.रणजित कुमार झा
(नि.प्र.मे.सु.)

# एक वर्षमा चालीस अर्ब राजस्व

विराटनगर, ६ असोज (राासस)।

एकीकृत भन्सार जाँचचौकी रानी विराटनगरले आर्थिक वर्ष २०७७/७८ मा कूल रु ४० अर्ब आठ करोड १९ लाख १३ हजार राजस्व सङ्कलन गरी ८८ दशमलव ४५ प्रतिशत प्रगति गरेको छ।

सो अवधिमा कार्यालयले रु ४६ अर्ब १४ करोड ९५ लाख ८९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्यमा ८८ दशमलव ४५ प्रतिशत प्रगति गरेको कार्यालयले जनाएको छ। आर्थिक वर्ष २०७६/७७ को तुलनामा रु १२ अर्ब ४५ करोड ५५ लाख ८४ हजार बढी राजस्व सङ्कलन गर्न सफल भएको कार्यालय प्रमुख शिव भण्डारीले बताउनुभयो।

उहाँका अनुसार सो वर्ष कूल रु २८ अर्ब ३६ करोड ३४ लाख २९ हजार राजस्व सङ्कलन भएको थियो। सोही वर्ष कार्यालयले कूल रु ४९ अर्ब ६४ करोड ६० लाख ४६ हजार राजस्व सङ्कलन गर्ने लक्ष्यमा रु २१ अर्ब २८ करोड २६ लाख १७ हजारले कम अर्थात ५७ दशमलव १३ प्रतिशत मात्र लक्ष्यमा प्रगति हासिल गरेको थियो।

कार्यालयबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७४/७५ मा रु ३२ अर्ब ८१ करोड ३० लाख ८३ हजार राजस्व सङ्कलन भएको थियो। सो अवधिमा रु ३१ अर्ब २४ कारेड ४८ लाख ८१ हजार लक्ष्यमा रु एक अर्ब ५६ करोड ८२ लाख दुई हजारले बढी अर्थात १०५ दशमलव शूल्य दुई प्रतिशत प्रगति गरेको थियो।

यस्तै, आर्थिक वर्ष २०७५/७६ मा कूल रु ४२ अर्ब ५३ करोड १९ लाख १८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्यमा रु ३८ अर्ब २८ करोड ९४ लाख ८८ हजार मात्र राजस्व सङ्कलन गरेको थियो। यसैगरी, चालू आर्थिक वर्षको दुई महिना साउन र भदौमा कूल रु सात अर्ब २१ करोड ९४ लाख ११ हजार राजस्व सङ्लन गरेको छ।

सो राजस्व साउन महिनामा रु तीन अर्ब ३४ करोड ९६ लाख ९८ र भदौमा रु तीन अर्ब ८६ करोड ९७ लाख १३ हजार सङ्कलन भएको हो। यी दुई महिनामा कार्यालयले साउनमा ११५ दशमलव ८२ प्रतिशत र भदौमा १०० दशमलव १३ प्रतिशत प्रगति गरेको भन्सार अधिकृत प्रकाश भट्टराईले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७४/७५ मा लक्ष्य भन्दा बढी राजस्व सङ्कलन गरेको सो कार्यालयले आर्थिक वर्ष २०७५/७६ मा पनि राजस्व लक्ष्य भन्दा कम उठ्नुको कारण सो वर्ष फागुन महिनादेखि आयात घट्नु, जोगबनी र बथनाहाको बीचमा पर्ने मिरगञ्ज पुलमा अवरोध आउनुको कारण रहेको बताइएको छ। गएको अर्थिक वर्षमा कोभिड-१९ को विश्वव्यापी महामारी फैलिनु र नेपाल सरकारले गएको चैत ११ गतेबाट बन्दाबन्दी घोषणा गरेको कारण व्यापारिक कारोबार ठप्प हुनु, आयात निर्यात नहुनुले पनि लक्ष्य अनुसारको राजस्व सङ्कलन नभएको भन्सार प्रमुख शिव भण्डारीले जानकारी दिनुभयो।

उहाँले यस्तो समस्याको बाबजुद पनि कार्यालयले निरन्तर भन्सार राजस्वमा निगरानी बढाएकोले धेरै हदसम्म भन्सार उठाउन सफल भएको चर्चा गर्नुभयो।

## मिथिलाक्षेत्रका ...

कलाकार बेरोजगार भएर कामको खोजीमा विदेश पलायन भइसकेका छन्। मिथिला क्षेत्रको ग्रामीण क्षेत्रमा लोकप्रिय रहेका यस्ता लोकनाच तत्कालीन नेकपा माओवादीको सशस्त्र द्वन्द्वकालमा बढी प्रभावित भएको र त्यसयता निरन्तर रूपमा विस्थापित हुने क्रम जारी रहेको कालाकारहरू बताउँछन्।

खासगरी विवाह, शुभकार्य, उत्सव र चाडपर्वका बेला लोकनाच गराउने परम्परा रहेकामा पछिल्लो समय करिब दश प्रतिशत जति विवाहको बेलामा ग्रामीण क्षेत्रमा मात्र यस्ता लोकनाचको माग आउने गरेको छ, सिरहाको अर्नामा गाउँपालिका-४ का विन्दु सदाले भन्नुभयो, "वर्षमा एक/दुई पटक मात्र लोकनाच हुने गरेकाले कलाकार रोजगारीको खोजीमा पलायन भएको छ।"

ऐतिहासिक र प्राचीन घटनामा आधारित यी लोक नाचहरू लोप हुन लागेकोमा संस्कृतिविद्समेत चिन्तित बनेका छन्। संस्कृतिविद् पूर्वप्राध्यापक पिताम्बरलाल यादवले भन्नुभयो, "मिथिला क्षेत्रको संस्कृतिको धरोहरको रूपमा रहेको लोकनाच लोप हुनु दुःखद कुरा हो।"

ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको लोकनाचको संरक्षणमा सरकारको तर्फबाट उचित कदम चाल्नुपर्ने उहाँको भनाइ छ। मिथिला क्षेत्रसँग जोडिएको पल्लवित र पुष्पति भएको यस्ता लोकनाचको संरक्षण र सम्बर्द्धनमा ध्यान नदिए मिथिला क्षेत्रका संस्कृति हराउँदै जाने भएकाले सरकारले स्थानीय तहमार्फत बजेट छुटचाउनुपर्ने माग कलाकारको छ।

# अनुगमन समितिद्वारा लाखौंको अयोग्य बस्तु नष्ट, दुई व्यापारीलाई कारवाही



**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज।**

संयुक्त बजार अनुगमन टोलीले बुधबार सप्तरीको खडक नगरपालिकास्थित कल्याणपुर बजारका विभिन्न किराना पसल, होटल, औषधी पसललगायतबाट अखाद्य पदार्थ नियन्त्रणमा लिई नष्ट गर्नुका साथै दुई व्यापारीलाई कारवाही समेत गरेको छ।

दशैं, तिहार जस्ता चाडवाड नजिकिदै गर्दा स्थानिय बजारमा म्याद गुज्रेका अखाद्य बस्तु खुलेआम बिक्रि भइरहेको जनगुनासो आएपछि जिल्लाको बजारमा अनुगमन थालिएको हो।

अनुगमनका क्रममा कल्याणपुर बजारका अनिल ट्रेडर्स एण्ड खरीद बिक्रि पसललाई पाँच हजार तथा शिव किराना ट्रेडर्सलाई २० हजार जरिवाना समेत गरिएको छ।

अनिल ट्रेडर्सबाट म्याद गुज्रेका खाने तेल, मसाला, ग्लुकोज, पानमसाला लगायतका सामाग्रि बरामद भएको संयुक्त अनुगमन टोलीका प्रमुख समेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी नाथु साहले जानकारी दिए।

यस्तै शिव किराना पसलबाट म्याद गुज्रेका बियर, चिसो पेय पदार्थ, मसाला, ग्लुकोज, भुजिया लगायतका सामाग्रि बरामद भएको उनले बताए। अनुगमनका क्रममा बजारका अन्य पसलहरुबाट पनि विभिन्न प्रकारका लाखौं मुल्यका अखाद्य बस्तु र म्याद गुज्रेका बस्तु जफत गरि तत्काले आगो लगाएर नष्ट गरिएको छ।


अनुगमनका क्रममा निर्मल जल उद्योगद्वारा उत्पादित बिना लेवलका २१ थान पानीको जार समेत नियन्त्रणमा लिई नष्ट गरिएको छ। अनुगमनबाट पसल दर्ता नगरि गैरकानुनी रुपमा संचालन गरिएका, दर्ता नभएका, साइन बोर्ड नराखी संचालनमा भएकालाई कानुनको दायरामा आउनका लागि सचेत समेत गराइएको छ।

चाडपर्व नजिकिदै गर्दा बजारमा म्याद गुज्रेका, अखाद्य बस्तु खुल्ला बिक्रि बितरण भइरहेको जानकारी आएपछि अघिल्लो दिन प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको अध्यक्षतामा बसेको बैठकले बजार अनुगमन कडाईका साथ अघि बढाउने निर्णय गरेको थियो।

संयुक्त बजार अनुगमन समितिमा जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, करदाता सेवा कार्यालय, खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन, उद्योग बाणिज्य संघ, राष्ट्रिय उपभोक्ता मञ्च लगायतका कार्यालय, संघसंस्थाका प्रतिनिधि सहभागि रहेको खाद्य प्रविधि अधिकृत सुरेश सिंहले जानकारी दिएको छन्।

## जितिया पर्वमा ...

र पूजा गरेर यो पर्व मनाउने चलन छ। यसलाई जितुवाहन पर्व पनि भनिन्छ। जित महान भगवानको पूजा आजा गरि मनाइने यो पर्व यस पल्ट सोमबार नुहाई खुवाई विधीबाट सुरु भइ बुधबार साँझ सम्पन्न हुने जनाइएको छ।



# डा खड्का परराष्ट्रमन्त्री नियुक्त

काठमाडौँ, ६ असोज (रासस)।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली काङ्ग्रेसका सांसद डा.नारायण खड्कालाई परराष्ट्रमन्त्री नियुक्त गर्नुभएको छ।

राष्ट्रपतिले प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा गत असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम डा खड्कालाई परराष्ट्र मन्त्री नियुक्त गर्नुभएको हो।

राष्ट्रपति भण्डारीले नवनियुक्त मन्त्री खड्कालाई बुधबारै अपराह्न पद तथा गोपनीयताको शपथ गराउने कार्यक्रम रहेको राष्ट्रपति कार्यालयका प्रवक्ता जगन्नाथ पन्तले राससलाई बताउनुभयो।


सूचना ! ॐ सूचना !!!

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक, प्राचिन तथा धार्मिक महत्वको रूपमा रहेको हरिनन्देश्वर महादेव मन्दिरको सनातन धार्मिक सद्दावर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्बर्द्धन तथा मन्दिरको ब्यवस्थापन लगायतको कार्यवारे पुनः वृहत छलफलको लागि सम्पूर्ण हिन्दू धर्मावलम्वी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिका लागि विनम्र सादर अनुरोध गर्दछु।

स्थान : राजविराज न.पा. वडा नं. ७ को कार्यालय
समय : विहान ८:३० बजे
मिति : २०७८/०६/०९ गते शनिबार



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

iPay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np